annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २१६ पृष्ठ ८ | काठमाडौं, बुधबार २६ मंसिर २०८१ | मार्ग शुक्लपक्ष दशमी नेपाल संवत् ११४५ | WEDNESDAY, DECEMBER 11, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी

# अधिकांश स्थानीय तह, निमित्तकै भरमा

संविधानले तीन तहका सरकार बनायो, स्थानीय तहलाई अधिकार सम्पन्न बनायो। तर, कर्मचारी प्रशासनको पुनर्संरचना भएन, स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत गएनन्। निमित्तकै भरमा तदर्थवाद चलिरहेको छ। राज्यको स्थायी सरकार (कर्मचारीतन्त्र) को अभावका कारण स्थानीय तहले 'डेलिभरी' दिन सकेका छैनन्। जनताले घर दैलोको सरकारबाट सेवा सुविधा पाउन सकेका छैनन। अर्कोतिर, वर्षौंदेखि निजामती कर्मचारीसम्बन्धी विधेयक संसद्मा अड्केको अड्क्यै छ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | काठमाडौं - को रिपोर्ट




स्थानीय तह ७५३

महानगरपालिका ६

उपमहानगरपालिका ११

नगरपालिका २७६

प्रशासकीय अधिकृत रिक्त २४६

## मोरङमा स्रोत नखुलेको साढे ४७ लाख बरामद



किशोर बुढाथोकी | विराटनगर

मोरङको रंगेली नगरपालिका-८ दर्वेशास्थित एक घरमा लुकाइछिपाइ राखिएको ४७ लाख रुपैयाँ प्रहरीले बरामद गरेको छ। दर्वेशाकी ६५ वर्षीया ज्योतिदेवी अग्रवालको घरमा स्रोत नखुलेको अवस्थामा राखिएको ४७ लाख ४९ हजार रुपैयाँ बरामद भएको मोरङ प्रहरी प्रमुख एसपी नारायणप्रसाद चिमरियाले जानकारी दिए। उनका अनुसार मंगलबार दिउँसो १ हजार र ५ सय दरका नेपाली रुपैयाँ बरामद भएको हो।

इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको इन्स्पेक्टर सन्तोषकुमार खड्का नेतृत्वको टोलीले अग्रवालको घरमा दिउँसो ३ बजेतिर छापा हानेको थियो। घरको कोठाबाट स्रोत नखुलेको रकम बरामद भएको चिमरियाले बताए। उनका अनुसार एकतले घरको दक्षिण-पश्चिमतर्फको कोठामा चाबी लगाएर राखिएको अवस्थामा टिनको बाकसभित्र रकम फेला परेको हो।

घरमा ठूलो मात्रामा स्रोत नखुलेको रकम भेटिएपछि घरधनी अग्रवाललाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ। उनलाई इलाका प्रहरी कार्यालय रंगेलीमा राखिएको छ। उक्त रकम अवैध हुन्डी कारोबारको भएको हुन सक्ने प्रहरीको अनुमान छ। यस विषयमा थप अनुसन्धान सुरु भएको जानकारी एसपी चिमरियाले दिए।


# बीआरआई फ्रेमवर्क सार्वजनिक

### परियोजनाहरूमा प्राविधिक सहयोग र 'एड फाइनान्सिङ मोडालिटी' तयार गर्ने उल्लेख

राधा खनाल | काठमाडौं

नेपाल र चीनबीच भएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई)को फ्रेमवर्क सम्झौता परराष्ट्र मन्त्रालयले वेबसाइटमार्फत मंगलबार सार्वजनिक गरेको छ।

सत्तारूढ दल नेपाली कांग्रेस र एमालेबीच अहिलेसम्म पनि बीआरआईको फ्रेमवर्कमा एउटै स्वर आउन सकेको छैन। कांग्रेस अझै पनि ऋणको रूपमा बीआरआई परियोजना कार्यान्वयन गर्न नहुने पक्षमा छ। कांग्रेसले सोमबार कार्य सम्पादन समितिको बैठकबाट पनि बीआरआई ऋण हो भने स्विकार्न सकिने अवस्था नरहेको



निर्णय नै गरिसकेको छ। गत साता बेइजिङमा सम्पन्न बीआरआई सहकार्य फ्रेमवर्कका विषयमा सोमबार नेपाल भ्रमणमा रहेका अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले पत्रकार सम्मेलनमा बीआरआई सहकार्य फ्रेमवर्कको दस्तावेज अहिलेसम्म आफूले पढ्न नपाएको भन्दै टिप्पणी गरेका थिए। उनले टिप्पणी गरेको भोलिपल्टै दस्तावेज सरकारले सार्वजनिक गरेको हो।

यद्यपि फ्रेमवर्कमा 'ग्रान्ट' (अनुदान) भन्ने शब्द कतै पनि परेको देखिँदैन। यसको मतलव चीन सरकारले बीआरआईअन्तर्गत रहेर नेपालमा आवश्यकताअनुसार अनुदान, सहुलियतपूर्ण ऋण दिन वा ऋण लगानी गर्न सक्ने भनिएको छ। सार्वजनिक गरिएको दस्ताबेजमा व्यापार औद्योगिक विकास, आर्थिक सहकार्य, यातायात र कनेक्टिभिटी, लगानी र भन्सारमा सहकार्य गर्ने विषयलाई प्राथमिकतामा राख्ने भनेर उल्लेख गरिएको छ। फ्रेमवर्कमा भनिएको छ, 'चिनियाँ पक्षले नेपालको विकासमा सहयोग गर्न प्राविधिक र आर्थिक सहयोग गर्नेछ। दुवै पक्षको आवश्यकताका आधारमा परियोजनाहरूमा प्राविधिक सहयोग र 'एड फाइनान्सिङ मोडालिटी' तयार पारिनेछ।'

बीआरआई फ्रेमवर्कअन्तर्गत चिनियाँ पक्षबाट नेसनल डेभलपमेन्ट फर रिफर्म कमिसन र नेपालको पक्षबाट परराष्ट्र मन्त्रालयले नेतृत्व गर्ने उल्लेख छ। 'फ्रेमवर्क फर बीआरआई कोअपरेसन सम्झौता भएकै दिनदेखि कार्यान्वयनमा आउने पनि दस्ताबेजमा उल्लेख छ।

दस्ताबेजमा यो फ्रेमवर्क सम्झौता भएकै दिनदेखि सक्रिय हुने भनिएको छ। यो फ्रेमवर्क तीन वर्षसम्म लागू हुन्छ र अर्को तीन वर्षका लागि स्वत: समयसीमा बढ्ने भनिएको छ।

» बाँकी पृष्ठ ६

## प्रधानसेनापति सिग्देल भारत प्रस्थान



**काठमाडौं** (अन्नपूर्ण): प्रधानसेनापति अशोकराज सिग्देल भारत प्रस्थान गरेका छन्। भारतका स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीको औपचारिक निमन्त्रणामा प्रधानसेनापति सिग्देल मंगलबार नयाँदिल्ली प्रस्थान गरेका हुन्। उनले मंसिर २६ गतेदेखि मंसिर २९ गतेसम्म भारतको औपचारिक भ्रमण गर्ने कार्यतालिका रहेको छ।

सैनिक श्रीमती संघकी अध्यक्ष तथा उनकी धर्मपत्नी नीता क्षेत्री सिग्देल सम्मिलित ९ सदस्यीय भ्रमण दलका साथ भारत प्रस्थान गरेका प्रधानसेनापतिलाई बलाध्यक्षरथी प्रदीपजंग केसीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरे।

» बाँकी पृष्ठ ६

# बलात्कारको प्रतिकार गर्दा सुचिनाको हत्या

शिव उप्रेती | गोरखा

मंसिर १५ गते जंगलमा मारेर गाडिएको अवस्थामा भेटिएकी सुचिना घलेको हत्या गरेको अभियुक्तले स्वीकार गरेका छन्। बलात्कारको प्रयास असफल भएपछि आफूले हत्या गरेको पक्राउ परेका अभियुक्त मनसम्जेर गुरुङले प्रहरीलाई बयान दिएका हुन्।

नौ दिनको अनुसन्धानपछि ४३ वर्षीय गुरुङलाई प्रहरीले सोमबार बिहान ३ बजे घरबाट पक्राउ गरेको थियो। प्रहरीले मंगलबार उनीविरुद्ध कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

मंसिर १५ गतेदेखि हराइरहेकी १८ वर्षीया सुचिना गुरुङको शव प्रहरी र बारपाकका स्थानीयवासीको संयुक्त खोजी टोलीले १८ गते मैखर्क जंगलमा गाडिएको अवस्थामा फेला पारेको थियो। यसअघि तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले सोमबार बिहान स्थानीय एक विद्यालयका शिक्षक मनसम्जेर गुरुङलाई नियन्त्रणमा लिई सोधपुछ गरेको थियो। घटनास्थलमा भेटिएका कम्ब्याट टोपी, ऊनीको टोपी, डोको, नाम्लोका आधारमा सोधपुछ गर्दा उनले आफैंले हत्या गरेको स्वीकारसमेत गरिसकेको जिल्ला प्रहरी प्रमुख एसपी बासुदेव पाठकले बताए।

प्रहरीले मंगलबार पत्रकार सम्मेलन गरी







आरोपितलाई सार्वजनिक गरेको छ। पत्रकार सम्मेलनमा प्रहरीले अभियुक्तको खोजी गर्न र नियन्त्रणमा लिन अविस्मरणीय सहयोग गरेकामा बारपाकका बासिन्दालाई धन्यवाद दिएको छ।

**मृतककै हँसिया प्रहार गरी हत्या गरेको स्वीकार**

काशीगाउँ माइत भएकी सुचिना घले गत वैशाखमा धनबहादुरसँग बिहे गरी बारपाक पुगेकी थिइन्। उनी मंसिर १५ गते घाँस काट्न भनी गाउँबाट डेढ घण्टाको उकालो हिँडी मैखर्क जंगल पुगिन्। साँझसम्म पनि घर नफर्केपछि गाउँलेहरू खोज्न गए, तर भेटेनन्। भोलिपल्ट पनि फेला पार्न नसकेपछि उनीहरूले सोमबार बारपाक प्रहरी चौकीमा निवेदन दिए। स्थानीयको सहयोगमा इलाका प्रहरी कार्यालय जौवारी र बारपाक प्रहरी चौकीको टोलीले खोजी कार्यलाई तीव्र बनायो। मंसिर १८ गते जंगलमा खाडल खनेर पुरेको अवस्थामा सुचिनाको शव क्षत्‌विक्षत अवस्थामा फेला पर्‍यो।

घटनाको अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय गोरखाबाट प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदी कमान्डको टोली घटनास्थलतर्फ लाग्यो। गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराबाट तालिम प्राप्त कुकुरसहितको विज्ञ टोली पनि घटनास्थलमा खटियो। केही दिनमा फेरि प्रदेश प्रहरी कार्यालयको अपराध अनुसन्धानका विज्ञहरूको टोली त्यहाँ खटियो।

नौ दिनसम्म लगातार अनुसन्धान गरेपछि गत सोमबार बिहान ३ बजे प्रहरीले मनसम्जेरलाई पक्राउ गर्‍यो। सोधपुछको क्रममा उनले आफूले हत्या गरेको स्वीकार गरे।

प्रहरीमा दिएको बयानअनुसार उनी पनि त्यो दिन (मंसिर १५ गते) घाँस काट्न सोही जंगलतर्फ गएका थिए। बीच बाटोमा उनले सुचिनालाई भेटे। एक्लो युवतीलाई एकान्त जंगलमा देखेपछि उनले करणीको प्रयास गरे। दुई पटकसम्म प्रयास गर्दा असफल भएपछि उनले बल प्रयोग गर्न खोजे। तर सुचिनाको कडा प्रतिकारपछि सुचिनालाई भुइँमा लडाएर उनको मुखमा घाँस, गोबर र माटो कोचेर मारेको स्वीकार गरेका छन्।

घटनास्थलदेखि करिब ५० मिटर माथि खाडल खनेर सुचिनाको शव पुरेको पनि उनले स्वीकार गरे। सुचिनाको शव बोक्न मृतककै ज्याकेट र नाम्लोको सहारा लिएको पनि उनले स्वीकार गरे। घटनापछि आफूले दुई पटकसम्म सुसाइड नोट लेखेर आत्महत्याको प्रयास गरेको पनि उनले प्रहरीसामु बयान दिएका छन्।